# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०६।१४ गते।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला हुम्ला, अदानचुली गाउँपालिका कुकुर फाल्ना छहराखेत देखि जिल्ला मुगु, सोरू गाउँपालिका वडा नं. ३ भिईसम्म बत्ती निर्माणको लागि विनियोजित रकमको काम नगरी रकम हिनामिना गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा खानेपानी संचाई तथा ऊर्जा विकास कार्यालय, मुगुबाट आ.ब. २०७७/०७८ मा जिल्ला हुम्ला, अदानचुली गाउँपालिका कुकुर फाल्ना छहरा खेतदेखि जिल्ला मुगु सोरू गाउँपालिका वडा नं. ३ भिईसम्म बत्ती विस्तार कार्यको फिल्डमा वास्तविक भए गरेको कार्य भन्दा बढी मूल्याङ्कन गरी नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, झुट्टा उपभोक्ताको भुक्तानी बिल, योजना अनुगमन तथा भुक्तानीको लागि सिफारिस लगायतका कार्य गरी प्रतिवादीहरूले वदनियतपूर्वक एक आपसको मिलेमतोमा गैरकानुनी लाभ लिने दिने उद्देश्यले वास्तविक भए गरेको कार्य भन्दा बढी रकम रू.९,२६,२३२/७५ (नौ लाख छब्बीस हजार दुई सय बत्तीस रूपैयाँ र पचहत्तर पैसा) भुक्तानी गरी गराई आफुहरूलाई गैरकानुनी लाभ पुऱ्याउने एवं नेपाल सरकार तथा सार्वजनिक संस्था खानेपानी सिंचाई तथा ऊर्जा विकास कार्यालय, मुगुलाई गैरकानुनी हानि पुऱ्याउने कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्र स | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | खानेपानी सिंचाई तथा ऊर्जा विकास कार्यालय मुगुका तत्कालीन कार्यालय प्रमुख **राजीव रिमाल** | रू.९,२६,२३२/७५ | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो नौ लाख छब्बीस हजार दुई सय बत्तीस रूपैयाँ र पचहत्तर पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |
| २. | खानेपानी सिंचाई तथा ऊर्जा विकास कार्यालय मुगुका तत्कालीन सव-इन्जिनियर **विश्वराज भण्डारी** | रू.९,२६,२३२/७५ | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो नौ लाख छब्बीस हजार दुई सय बत्तीस रूपैयाँ र पचहत्तर पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | खानेपानी सिंचाई तथा ऊर्जा विकास कार्यालय | रू.९,२६,२३२/७५ | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो नौ लाख छब्बीस हजार दुई |

| | | | |
|---|---|---|---|
| | मुगुका तत्कालीन लेखापाल **रून बहादुर सेजुवाल** | | सय बत्तीस रूपैयाँ र पचहत्तर पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | सोरू गाँउपालिका वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष **लालु धामी** | रू.९,२६,२३२/७५ | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो नौ लाख छब्बीस हजार दुई सय बत्तीस रूपैयाँ र पचहत्तर पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |
| ५. | गल्फागाढ छहराखेत भिई जलविद्युत आयोजना उपभोक्ता समितिका अध्यक्ष **प्रदिप बुढा** | रू.९,२६,२३२/७५ | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको नगदी तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई बिगो नौ लाख छब्बीस हजार दुई सय बत्तीस रूपैयाँ र पचहत्तर पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांँशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ (२) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनसमेत सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | गल्फागाढ छहराखेत भिई जलविद्युत आयोजना उपभोक्ता समितिका उपाध्यक्ष **भिमचन्द्र बुढा** | रू.९,२६,२३२/७५ | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको नगदी तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई बिगो नौ लाख छब्बीस हजार दुई सय बत्तीस रूपैयाँ र पचहत्तर पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ (२) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद |

| | | | |
|---|---|---|---|
| | | | र जरिवाना हुनसमेत सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | गल्फागाढ छहराखेत भिई जलविद्युत आयोजना उपभोक्ता समितिका सचिव **धनराज बुमी** | रू.९,२६,२३२/७५ | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको नगदी तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई बिगो नौ लाख छब्बीस हजार दुई सय बत्तीस रूपैयाँ र पचहत्तर पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ (२) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनसमेत सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ८. | गल्फागाढ छहराखेत भिई जलविद्युत आयोजना उपभोक्ता समितिका कोषाध्यक्ष **लक्ष्मी धामी** | रू.९,२६,२३२/७५ | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको नगदी तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई बिगो नौ लाख छब्बीस हजार दुई सय बत्तीस रूपैयाँ र पचहत्तर पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ (२) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनसमेत सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने